आ.व. ०७९।०८०

वैठक:- नगर कार्यपालिका वैठक

अध्यक्षता:- नगर प्रमुख सन्तोष लाल श्रेष्ठ

वैठक नं. ०१।०७९।०८०

मिति:-२०७९।४।१८ गते

स्थान:- ता.न.पा सभाहल

समय:- विहान ७.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |
| | श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| | श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| | श्री शोभाखर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| | श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री पिताम्वर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

निर्णय नं. १

नगर क्षेत्रमा छाडा चौपाया व्यवस्थापन गर्न तानसेन नगरपालिका वडा नं. १४ मा रहेको रुरु गौशाला र तानसेन नगरपालिका बीच भएको समझदारी अनुसार सम्झौता गरी यस आ.व.मा तानसेन नगरपालिकाको नगर विकास योजनाको नगर प्रवर्द्धनात्मक कार्यक्रमको वन वातावरण तथा विपद व्यवस्थापनको फोहरमैला व्यवस्थापन शिर्षक बाट रकम रु. २ लाख उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२

तानसेन नगरपालिकाको श्रीनगर क्षेत्रमा स्थायी रुपमा खानेपानीको आपूर्तिको लागि तानसेन खानेपानी समितिसँगको समन्वयमा बसन्तपुर खानेपानी टंकीबाट आपुर्ति व्यवस्था मिलाउने र यसको लागि प्राविधिक डिजाइन र लागत इष्टिमेटको आधारमा तानसेन नगरपालिकाको चालु आ.व.२०७९/०८० को नगर विकास योजनाको प्रवर्द्धन कार्यक्रमको पूर्वाधार विकास, ब.शि.नं.३५ श्रीनगर उद्यान संरक्षण पूर्वाधार योजना शिर्षकबाट आवस्यक रकम बिनियोज गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

श्रीनगर पार्कको सौन्दर्यीकरणको लागि तयार गरिएको प्रारम्भिक पूर्वाधार अवधारणा चित्र (Concept Picture/थ्री.डी.भिडियो समेत) तयार गरिएकोमा अन्तिम प्रदिवेदन प्राप्त भए पश्चात सम्बन्धित पक्षलाई नियमानुसार रकम रु.५००००।- (अक्षेरुपी पचास हजार मात्र) चालु आ.व.२०७९/०८० को नगर विकास योजनाको प्रवर्द्धन कार्यक्रमको पूर्वाधार विकास, ब.शि.नं.३५ श्रीनगर उद्यान संरक्षण पूर्वाधार योजना शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४

तानसेन नगरपालिका भित्र उत्पादन हुने अदुवाको भण्डारण, प्रशोधन र बजारीकरणमा किसानलाई सहयोग पुऱ्याउन कारितास नेपालसँग गरिएको सम्झौता अनुसार नगरपालिकाबाट साझेदारी वापत वेहोर्नुपर्ने रकम रु. १५००,०००।- (अक्षेरुपी पन्ध लाख मात्र) चालु आ.व.२०७९/०८० को नगर विकास योजनाको समपुरक कोष मार्फत संचालन हुने कार्यक्रम तर्फ कारितास नेपाल अदुवा भण्डारण शिर्षकबाट रकम .विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तानसेन नगरपालिकाको लागि रोजगार सहायक पदको पदपूर्ति समितिमा विज्ञ सदस्यको रुपमा मनोनयन गर्नका नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखलाई जिम्मा दिई समय भित्र आवस्यक कार्य सम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

तानसेन नगरपालिकाको वन नियमावलीको मस्यौदा तयार गर्न तथा बन ऐनमा समेत आवश्यक संसोधन सहितको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्न विधायन समितिलाई जिम्मेवारी प्रदान गर्ने र यस कार्यमा विज्ञ एवं आवश्यक प्राविधिक सहयोग गर्न द एशिया फाउण्डेशनलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

तानसेन नगरपालिकाको वडा नं. ८, १३ र १४ मा पर्ने खोला तथा नदी क्षेत्रबाट नदीजन्य पदार्थको उचित व्यवस्थापनको लागि प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

IEE) कार्य अगाडि बढाउने र बढीमा रु. ३०००००।- (अक्षेरुपी तीन लाख) मा नबढाई नगर विकास योजनाको प्रवर्द्धन कार्यक्रम, वन वातावरण तथा विपद् व्यवस्थापन, ब.शि.नं.५० राजश्व अभिबृद्धि कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

कारितास नेपालबाट विगत समय देखि यस नगरपालिकामा संचालन गरिएको आई.पी.एम.पाठशाला कार्यक्रम निरन्तरताको लागि स्वीकृति प्रदान गरिएकोमा उक्त स्वीकृत कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

लुम्बिनी प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नं. ५ मा निर्माण गरिएको सांस्कृतिक डबली यस नगरपालिकालाई हस्तान्तरण गर्नको लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

श्रीनगर पर्यापर्यटन तथा वन व्यवस्थापन समन्वय समिति, पाल्पाले नगरपालिकासंग सम्झौता पत्रमा हस्ताक्षर नगरी बिना कार्यादेश र विना प्रमाणित आफु खुसी रसिद छपाई श्रीनगर पार्कबाट संकलन गरेको शुल्क रकम रु.१२,४४,०६५।- (अक्षेरुपी बाह्र लाख चौवालीस हजार पैसट्टी रुपैया मात्र) नगरपालिकामा दाखिला गर्नको लागि बिभिन्न चरणमा कारवाहीको पत्राचार हुँदा हालसम्म जम्मा रु.२०८०२०।- (अक्षेरुपी दुई लाख आठ हजार बीस रुपैया मात्र) जम्मा गरेकोले बाँकी रकम असुलीको लागि कार्यालयवाट पटक पटक विभिन्न पहल गर्दा समेत असुल उपर हुन नसको हुँदा तानसेन नगर कार्यपालिकाको मिति २०७९।३।२८ वाट ता.न.पा. वडा नं ६ का वडा अध्यक्ष श्री सागरमान महर्जनको संयोजकत्वमा पाँच सदस्यीय वार्ता समिति गठन भई सो समितिले आवस्यक छलफल, समन्वय, सम्पर्क एवं प्रयासहरु गर्दा समेत असुली उपर हुन नसकेकोले अशुल उपर हुन बाँकी रकम जम्मा रु. १०३६०४५।- (अक्षेरुपी दशलाख छत्तीस हजार पैतालीस मात्र) श्रीनगर पर्यापर्यटन तथा वन व्यवस्थापन समन्वय समितिलाई कारवाही सहित अशुल उपरको लागि प्राप्त दस्तावेज संलग्न राखी जिल्ला प्रशासन कार्यालय पाल्पामा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

सिद्धार्थ आर्थिक करिडोरको विकासको लागि मेयर्स फोरमको सचिवालय, ता.न.पा.को आयोजना र इ.पी.आई. तथा एन.यु.आर.पी.सँगको सहकार्यमा मिति २०७९।४।२० देखि २२ गतेसम्म पोखरामा संचालन गर्न लागिएको कार्यक्रमको बारेमा बैठकमा जानकारी भयो । यस सम्बन्धमा कार्यक्रमको प्रभावकारीताको लागि सहभागिहरुबाट प्रभावकारी भूमिका निर्वाह गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका प्रमुख संयोजक रहेको प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशक समितिमा निम्नानुसारका वडा अध्यक्षलाई मनोनयन गर्ने निर्णय गरियो :

निम्न:

- श्री बाबुरत्न शाक्य, वडा अध्यक्ष, तानपा वडा नं. ३
- टुक प्रसाद भट्टराई, वडा अध्यक्ष, तानपा वडा नं. १३

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १३**

तानसेन नगरपालिकाको निम्मानुसारको सम्पदा स्थलहरुको सौन्दर्यीकरण व्यवस्थापनको लागि निम्नानुसार गर्ने निर्णय गरियो :

(१) तानसेन नगरपालिका वडा नं. ३ मा रहेको सित्तलपाटी/गोलघरको सौन्दर्यकरण र व्यवस्थापनको लागि पाल्पा उद्योग बाणिज्य संघ, पाल्पालाई जिम्मा दिइएकोमा साविकको समयावधी पुन थप गरी निरन्तरता दिने,

(२) तानसेन नगरपालिका फूलबारी क्षेत्रको सौन्दर्यीकरण र व्यवस्थापनको लागि पाल्पा उद्योग बाणिज्य संघ, पाल्पालाई ३ बर्षको लागि अनुमति दिने, साथै उक्त क्षेत्रमा क्याफे संचालन गर्न समेत अनुमति दिने, प्रवेश शुल्क रु.२०।- (अक्षेरुपी बीस रुपैया मात्र) नगरपालिकाले उपलब्ध गराएको टिकट प्रयोगको आधारमा विक्रीको पचास प्रतिशत नगरपालिकामा दाखिला गर्ने,

(३) लखनपार्कको व्यवस्थापनको लागि नेपाल मगर संघले हालसम्म कार्य गरिरहेकोमा सरसफाई लगायतका कार्यमा नगरपालिकाबाट सहयोग गर्ने ।

**निर्णय नं. १४**

तानसेन नगरपालिकाको स्थानीय सहकारी संजालको कार्याअवधी समाप्त भएको हुँदा तत्काल सहकारी भेलाको आयोजना गरी आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

तानसेन नगरपालिका क्षेत्र भित्रका मदनपोखरा र अर्गली आधारभुत स्वास्थ्य केन्द्र (स्वास्थ्य चौकी/स्वास्थ्य संस्था) वाहेकका ८ वटा आधारभुत स्वास्थ्य केन्द्र (स्वास्थ्य चौकी/स्वास्थ्य संस्था) हरुमा आठवटा प्रिन्टर सहित डेस्कटप कम्प्युटर र स्वास्थ्य शाखाको लागि १ सेट विद्युत व्याकअप (२ सेट व्याट्री १६५ वाट प्रति व्याट्री र १ सेट ईन्भटर) खरिद गर्न आवश्यक रहेकोले प्राविधिक ल.ई.को आधारमा नियमानुसार खरिद गर्नेगरी चालु आ.व.२०७९/०८० को नगर विकास योजनाको प्रवर्द्धनात्मक कार्यक्रम, ब.शि.नं. २१ नगर स्वास्थ्य कार्यक्रमबाट रकम बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिकाको आ.व.२०७९/०८० को लागि मिति २०७९।३।३१ गते वसेको नगर स्तरीय न्युनतम् दररेट निर्धारण समितिवाट निर्णय गरी पेश भएको नगर दररेट स्वीकृती निर्णय गरियो ।

**निर्णय नं. १७**

तानसेन नगरपालिकाको चमेनागृह/क्यान्टीन तथा सिभिल प्रयोगशाला निर्माणको लागि पेश भएको प्राविधिक लागत इष्टिमेट बमोजिम रकम रु.९,९१,११८।७३ (अक्षेरुपी नौलाख एकानब्बे हजार एकसय अठार, पैसा त्रिहत्तर) चालु आ.व.२०७९/०८० को नगर विकास योजनाको पूर्वाधार विकास, ब.शि.नं. ३३ मागमा आधारित भौतिक पूर्वाधार विकास कार्यक्रम शिर्षकबाट रकम बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिका क्षेत्र भित्र संचालन हुने मोटरसाइकल पार्किङ्गका लागि पेश भएको प्राविधिक लागत इष्टिमेट बमोजिम आवस्यकीय क्षेत्रमा पार्किङ्ग गर्न जग्गा भाडामा लिई आवश्यक पर्ने रकम

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

चालु आ.व.२०७९/०८० को नगर विकास योजनाको पूर्वाधार विकास, बशिनं ३३ मागमा आधारित भौतिक पूर्वाधार विकास कार्यक्रमबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगर कार्यपालिकाको कार्यालय भवनको माथिल्लो तल्लामा ट्रस निर्माणका लागि पेश भएको प्राविधिक लागत इष्टिमेट बमोजिम रकम रु.५४५९६२१।१६ (अक्षेरुपी चउन्न लाख उन्साठी हजार छ सय एक्काइस, पैसा सोह मात्र) चालु आ.व.२०७९/०८० को नगर विकास योजनाको पूर्वाधार विकास, ब.शि.नं.३३ मागमा आधारित भौतिक पूर्वाधार विकास कार्यक्रमबाट ५० प्रतिशत र अनुसुची ८ शि.नं. २ मर्मत सम्भार कोषवाट ५० प्रतिशत गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

तानसेन नगरपालिकावाट मखनटोल लगायतका विभिन्न स्थानमा भाडामा लगाईएका घर तथा सटरहरुमा व्यवसाय संचालन गर्ने व्यवसायीहरुवाट कोभिड १९ का कारण खस्कीदो व्यापार रहेकोले सम्झौता वमोजिम यस वर्ष भाडा बृद्धि नगरिदिनुहुन भनि व्यवसायीहरुवाट निवेदन पेश हुन आएकोले व्यवसायीहरुको मर्कालाई ध्यानमा राखी सम्झौता वमोजिम प्रत्येक दुई बर्षमा १० प्रतिशतका दरले भाडा वृद्धि हुने व्यवस्था रहेकोमा आ.व. ०७९।०८०मा बृद्धिहुने १० प्रतिशत भाडा बृद्धि नगर्ने निर्णय गरियो ।

**निर्णय नं.२१**

तानसेन नगरपालिका वडा नं. ७ मा रहेको श्री बर्तुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट कृषि उपज संकलन तथा बिक्री बितरण कार्यमा सहजताको लागि कृषि एम्बुलेन्स खरिद गर्न हेफर इन्टरनेशनल नेपाललाई अनुदानको लागि सिफारिस माग भई आएकोमा कृषि एम्बुलेन्स खरिद गर्न हेफर इन्टरनेशनल नेपाललाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

नेपाल आदिवासी जनजाती महासंघले २८ औं विश्व आदिवासी दिवस व्यवस्थित रुपमा मनाउनको लागि नगरपालिकामा आर्थिक सहयोग माग गरेकोमा आ.व.२०७९/०८० को नगर विकास योजनाको प्रवर्द्धन कार्यक्रमको सामाजिक विकास तर्फ ब.शि.नं.१३ लैङ्गिक..जनजातीबाट रकम रु. १०००००।- (अक्षेरुपी एक लाख मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

(१) नेपाल सरकारको एक वडा एक स्वास्थ्य संस्था संचालन गर्ने गरी आधारभुत स्वास्थ्य सेवा दिने नीति अनुसार तानसेन नगरपालिका भित्र स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने साथै तानसेन नगरपालिकाद्वारा संचालनमा रहेका वडा नं. ५ र वडा नं. ७ को शहरी स्वास्थ्य केन्द्रको स्तरबृद्धि गरी आधारभुत स्वास्थ्य केन्द्र स्थापना गर्ने र ता.न.पा. वडा नं. ८ नयाँपाटीमा रहेको सामुदायिक स्वास्थ्य इकाईलाई आधारभुत स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्ने निर्णय गरियो ।

(२) मदनपोखरा आधारभुत स्वास्थ्य केन्द्र (स्वा.चौ) , ता.न.पा.वडा नं. ९ दमकडा पाल्पालाई स्तरोन्नती गरी १५ बेड सहितको अस्पताल निमार्णको लागि थप ५ रोपनी जगगाको व्यवस्था मिलाइएकोले आवश्यक प्रक्रिया अगाडि बढाउन सम्वन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

नगर प्रमुख

निर्णय नं. २४

तानसेन नगरपालिकामा मनाइने यस बर्षको भगवती जात्राको लागि आ.व.२०७९/०८० को नगर विकास योजनाको प्रवर्द्धन कार्यक्रमको बशिनं. १४ कला संस्कृति तथा सम्पदा संरक्षण कार्यक्रमबाट रकम रु. १०००००।- (अक्षेरुपी एक लाख मात्र) प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

तानसेन नगरपलिका वडा नं. ६ र ७ मा पर्ने बर्तुङ्ग प्रहरी चौकीको भवन पछाडिको वाल भत्किएको भनी आवश्यक सहयोगको लागि आर्थिक रकम माग गरिएकोमा विपद् व्यवस्थापन कोषबाट रु. १ लाख रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २६

वर्षातको कारण सडक अबरुद्ध भएकोमा प्राविधिक लगत स्टिमेटको आधारमा सम्बन्धित वडा कार्यालयको समन्वयमा आवश्यक कार्य अगाडि बढाउने तथा बिपद्का कारण समस्यामा परेका नगरबासीलाई तत्काल नियमानुसार सहयोग प्रबान गर्ने निर्णय गरियो ।

निर्णय नं.२७

तानसेन नगरपालिकाको श्रीनगर क्षेत्रको ८ वटा स्थानमा पसल कवाल निर्माण गरी/गराई प्रति कवाल न्युनतम मासिक रकम रु. १०,०००।- (अक्षेरुपी दशहजार मात्र) का दरले टेण्डर आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं.२८

दमकल संचालक र नगर प्रहरीलाई हाल नगर क्षेत्रका विभिन्न कार्यहरुमा परिचालन गरिएको र कतिपय जोखिमपूर्ण अवस्थाका कार्यहरु समेतमा उनिहरुले काम गरिरहेकोले निजहरुको दुर्घटना विमा गरिदिने साथै नगर प्रहरी धेरै बर्षसम्म एउटै पदमा रही कार्य गरेका प्रहरीलाई दर्ज्यानी चिन्ह प्रदान गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.२९

तानसेन नगरपालिका वडा नं. ५ मा रहेको डाइलाइसीस सेन्टरमा हाल ४९ जना विरामीहरुलाई सेवा प्रदान भैरहेको र उक्त डाइलाइसीस सेन्टरको भवनको आगन साईड पहिरो गएकोले प्रविधिक ईष्टिमेट अनुसार चालु आ.व.को नगर विकास योजनाको मागमा आधारित शिर्षकबाट रु.१ लाख सो सेन्टरलाई उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३०

तानसेन नगरपालिका वडा नं. १ निवासी श्री कृष्ण बहादुर बिष्टबाट निजको आमाले दीर्घायु बचत तथा ऋण सहकारी संस्था नामक संस्थामा रकम जम्मा गरेको र केही समय देखि आफ्नो रकम फिर्ताको लागि अनुरोध गर्दा समेत रकम प्राप्त नभएको भनी यस कार्यालयमा निबेदन दिएकोमा उक्त सहकारी संस्था तानसेन नगरपालिका भित्र दर्ता नभएको हुँदा केही व्यक्तिबाट सर्बसाधारणको रकम अपचलन भएको आशंका रहेकोले निबेदन समेतका कागजातको छायाँकपी आवश्यक छानबीन तथा कारबाहीको लागि जिल्ला प्रशासन कार्यालय, पाल्पामा लेखी पठाउने निर्णय गरियो ।

नगर प्रमुख

**निर्णय नं. ३१**

तानसेन नगरपालिका वडा नं. १ स्वामिको रुख क्षेत्रको सडक मर्मत सम्भार गर्न प्राविधिक लागत इष्टिमेट गरी बढीमा १ लाखमा नबढाई चालु आ.व.को नगर विकास योजनाकको मागमा आधारीत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

तानसेन नगरपालिकाबाट भूमि व्यवस्थापनको तथ्यांक संकलन गरिएकोमा राष्ट्रिय भूमि आयोग जिल्ला समिति, पाल्पाको आयोजना र यस नगरपालिकाको संयोजनमा मिति २०७९।४।१७ गते संचालन गरिएको राष्ट्रिय भूमि आयोग सूचना प्रणाली सम्बन्धी तालिममा नगरपालिकाबाट सूचना प्रविधि अधिकृत श्री प्रकाश गैरे र कम्प्युटर अपरेटर श्री नारायण पाण्डेलाई सहभागी गराइएकोमा यस प्रणाली मार्फत लाभग्राहीहरुको सम्पूर्ण तथ्यांक प्रविष्टी गर्ने कार्यको लागि निजहरुलाई कार्यालय समयका अतिरिक्त समय तथ्यांक इन्ट्रीको काममा लगाई तत्काल तथ्यांक इन्ट्रिको कार्य सम्पन्न गर्न लगाउने र नीजहरुलाई कार्य सम्पन्न गरे पश्चात प्रतिफारम रकम रु.१००।-प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

तानसेन नगरपालिकाको छोरी शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को परिच्छेद-४ को दफा ९ को उपदफा १ मा भएको व्यवस्था बमोजिम छोरी शिक्षा छात्रा छात्रवृत्ति छनौट समितिमा देहाय बमोजिमको सदस्य रहने निर्णय गरियो :

निम्न :

| | | |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा. | संयोजक |
| अनु रामदाम | कार्यपालिका सदस्य ता.न.पा. | सदस्य |
| खेमराज न्यौपाने | प्र.अ., श्री शारदा मा.वि.ता.न.पा ८ मदनपोखरा | सदस्य |
| नारायण नेपाल | शिक्षक महासंघ नगर अध्यक्ष | सदस्य |
| कोपीला न्यौपाने | शिक्षा अधिकृत | सदस्य |
| रेशमलाल न्यौपाने | शिक्षा शाखा प्रमुख ता.न.पा. | सदस्य सचिव |

**निर्णय नं. ३४**

तानसेन नगरपालिकाको सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा १४ बमोजिम तानसेन नगरपालिका स्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा पदेन सदस्यका अतिरिक्त देहाय बमोजिमका मनोनित सदस्य तोक्ने निर्णय गरियो :

| | | |
|---|---|---|
| श्री सविता ढकाल | शिक्षक, कुन्सरे आधारभूत विद्यालय | सदस्य |
| श्री विजया पन्त | शिक्षक, महेन्द्रबोधी माध्यमिक विद्यालय | सदस्य |

**निर्णय नं. ३५**

तानसेन नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्य तोक्ने निर्णय गरियो :

| | | |
|---|---|---|
| (क) प्र.अ. श्री नारायण प्रसाद शर्मा | प.प.मा.वि. | संयोजक |
| (ख) प्र.अ. श्री शंकर प्रसाद पौडेल | सरस्वती माध्यमिक विद्यालय | सदस्य |
| (ग) शिक्षक श्री शेषनारायण चालिसे | देववाणी साधारण तथा संस्कृत मा.वि. | सदस्य |

नगर प्रमुख

(घ) प्र.अ. श्री पार्वती पौडेल बालमन्दिर प्राथमिक विद्यालय सदस्य

(ङ) प्र.अ.शिक्षक श्री तुल्सीराम पोखरेल सेन्ट क्यापितानियो स्कुल सदस्य

(च) अधिकृत नवौं श्री रेशमलाल न्यौपाने, शिक्षा शाखा प्रमुख ता.न.पा. सदस्य सचिव

**निर्णय नं. ३६**

तानसेन नगर पालिका स्तरीय दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यलाई व्यवस्थित बनाउन निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो :

| | | |
|---|---|---|
| नगर प्रमुख | तानसेन नगरपालिका | संयोजक |
| नगर उप प्रमुख | तानसेन नगरपालिका | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | तानसेन नगरपालिका | सदस्य |
| नगर प्रवक्ता | तानसेन नगरपालिका | सदस्य |
| प्रदीप खनाल | सामाजिक विकास स. संयोजक | सदस्य |
| सोमनाथ अर्याल | वडा अध्यक्ष, वडा नं. ८ | सदस्य |

**निर्णय नं.३७**

आ.व. ०७९।०८० लागि रोजगार सेवा केन्द्रवाट पेश भएको ५७९ जना वेरोजगारीहरुको सुची स्वीकृत गर्ने निर्णय गरीयो ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत